**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या २.५ मितिः २०७५/०९/१५

**भाग-२**

**देउमाई नगरपालिका**

## देउमाई नगरपालिकामा बाल विवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

देउमाई नगरपालिका

## देउमाई नगरपालिकामाबालविवाहविरुद्ध कार्यक्रमसंचालनखर्च कार्यविधि २०७५

कार्यपालिकाद्वारा स्वीकृत मिति:२०७५.०९.१५

नगरसभाबाट स्वीकृत मिति:

**प्रस्तावना :**देशमा रहेको वालविवाह जस्ता कुप्रथाहरुको अन्त्यगर्ने कार्यकमहरु संचालनगर्ने खर्च सम्वन्धीकार्यविधि, २०७५ महिला, वालवालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयले जारी गरेको छ । देउमाई नगरपालिकाको प्रशासकीयकार्यविधिनियमितगर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देउमाई नगरपालिकाको कार्यपालिकाको मिति:२०७५.०९.१५को निर्णय अनुसार यो कार्यविधिलागू गरेको छ।

### परिच्छेद १

**१. संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम“देउमाई नगरपालिकामाबालविवाह विरुद्ध कार्यकम संचालनखर्च कार्यविधि २०७५”रहेको छ ।

(ख) यो कार्यविधिमहिला, वालवालिकाततथा ज्येष्ठ नागरिक मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा:**विषयवा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) “प्रदेश र स्थानीयतहको वालअधिकार समिति”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय ” भन्नाले महिला, वालवालिकातथा ज्येष्ठनागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) “राष्ट्रिय वालअधिकार परिषद”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ) “वालकल्याण अधिकारी” भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिमनियुक्तभएको वातोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ङ) “वालविबाह”भन्नाले २० वर्षउमेर नपुगीभएको विवाह सम्झनुपर्दछ ।

(च) “विभाग ” भन्नाले महिलातथावालवालिकाविभाग सम्झनुपर्दछ ।

(छ) “स्थानीयतह”भन्नाले नगरपालिका सम्झनुपर्दछ ।

### परिच्छेद २

**३. कार्यविधिको उद्देश्य:**

१. आवधिक र वार्षिक योजनातथाकार्यक्रमहरुमाबालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमाकार्यान्वयनगर्ने ।

२. बालविवाह विरुद्धमाबालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चतगर्ने

३. बालविवाहलाई प्रोत्साहनगर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागतमान्यतामाआधारित सोच तथाव्यवहार परिर्वतनकालागिबालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिकतथा सामुदायिकअगुवा, संघ संगठन लगायतअन्य सम्बद्ध सरोकारवालाहरूको क्षमताविकास गरी परिचालनगर्ने ।

४. बालविवाहअन्त्यकालागि संचालितकार्यक्रमहरुको प्रभावकारी रुपमाअनुगमनतथामूल्यांकनगर्ने ।

**४. कार्यकम संचालन :**

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथाप्रजनन स्वास्थ्यतथाअधिकारका साथै बालविवाहकाविषयमाबालक, किशोर तथा पुरुषहरूको सचेतनाअभिबृद्धि गर्ने कार्यक्रमहरु संचालनगर्ने ।

२.बालविवाह विरुद्ध सामाजिकअभियान सञ्चालनगर्न बालक्लब र समुदायकावालवालिकाहरुकाक्षमताअभिवृद्धि गर्न आवश्यकतालिमको व्यवस्थागर्ने ।

३. वालमैत्रीपुर्वाधार तयार गरी सुरक्षितवातावरण समेतको उचितव्यवस्थापनगर्नकालागिशिक्षक,कर्मचारी तथाव्यवस्थापन समितिकापदाधिकारीहरूलाई आवश्यकतालिमप्रदानगर्ने।

३. बालविवाह विरुद्ध सामुदायिकस्तरमाबालक्लब, युवाक्लबवाअन्य समुहनिर्माण गर्ने वाभएका समुहमाबालिकाहरुको सहभागितालाई प्रोत्साहनगर्ने कार्यक्रमहरु संचालनगर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरीवालविवाह विरुद्ध पारिवारीक सचेतनाकार्यक्रम संचालनगर्ने ।

५. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्यगर्ने कार्यमावालक , किशोर तथापुरुषहरुकोसहभागीता गराउने सचेतनाकार्यक्रमहरु संचालनगर्ने ।

**परिच्छेद ३**

**५. खर्च र लेखापरीक्षणः**

बालविवाहतथाबालबालिकामाथिहुने हिंसाकोव्यवस्थापनको लागिविभिन्न स्रोतवाट प्राप्तभएको रकमखर्चको प्रचलितकानुनवमोजिमआयव्ययवविवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रमखर्चकोआन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रतिमन्त्रालयमा पठाउनुपर्नेछ ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाहतथाबालबालिकामाथिहुने हिंसाकाव्यवस्थापन सम्वन्धी गरेकाकार्यक्रमहरुको प्रगतीप्रतिवेदनमासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमातयार गरी स्थानीयतहले सम्वन्धितप्रदेशको सामाजिकविकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिकविकासमन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमामहिला, वालवालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

**परिच्छेद : ४**

**७. विविधः**

बालविवाहतथाबालबालिकामाथिहुने हिंसा सम्वन्धीसचेतनामुलककार्यक्रम संचालनगर्दा बालविबाहअन्त्यकालागि राष्टिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।